# शुक्लाफाँटा नगरपालिका

# स्थानीय राजपत्र

खण्ड: ४ संख्या: ५ मिति: २०७७/०६/२२ गते


## भाग–२

## खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७७

कार्यपालिकाबाट स्वीकृत मिति २०७७।०६।१९

प्रस्तावना:

शुक्लाफाँटा नगर क्षेत्र भित्र स्वच्छ खानेपानीको पहुच सवै नागरीकहरुमा पुर्याउने हेतुले स्वच्छ खानेपानिको व्यवस्थापन गर्न खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बान्छनिय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (ध) बमोजिम शुक्लाफाँटा नगरपालिका नगर कार्यपालिकाबाट स्वीकृत भई खानेपानी उपभोक्ता समिति व्यवस्थापन कार्यविधि बनाईएको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ:

१) यस कार्यविधिको नाम "खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि २०७७" रहेको छ ।

२) यो कार्यविधि शुक्लाफाँटा नगरपालिका क्षेत्र भित्र मात्र लागु हुनेछ ।

३) यो कार्यविधि तुरन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. "खानेपानी" भन्नाले स्वच्छ पिउने पानीलाई सम्झनुपर्दछ ।

ख. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले शुक्लाफाँटा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

ग. समिति भन्नाले विधान अनुसार गठन भएको खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई सम्झनु पर्दछ ।

घ. तोकीएको वा तोकीए बमोजिम भन्नाले यस कार्यविधि अन्तरगत बनेको नियम, निर्देशिकामा तोकीएको वा तोकीए बमोजिम सम्झनु पर्दछ ।

३. उपभोक्ता समिति दर्ता गर्नु पर्नेः

स्थानीय स्तरमा व्यक्तीगत वा सामुदायिक रुपमा आफ्नो निमित्त खानेपानी तथा सरसफाई एवम अन्य घरेलु प्रयोगको लागी खानेपानि तथा सरसफाई उपभोक्ता समिति दर्ता गरेर मात्र उपभोक्ता समिति स्थापना गर्नु पर्नेछ । यस कार्यविधि बमोजिम दर्ता नगरी कसैले पनि खानेपानी उपभोक्ता समिति स्थापना गर्नु हुदैन ।

४. खानेपानिको मुल दर्ता गर्नु पर्नेः

यस शुक्लाफाँटा नगरपालिकाको क्षेत्रमा खानेपानी उत्पादनको मुख्य श्रोत मुहान (मुल) बाट संकलन गरी खानेपानि व्यवस्थापन गर्नु पर्ने अवस्थामा सो मुल सहित आधिकारीक खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता गर्नु पर्नेछ । खानेपानि तथा सरसफाई उपभोक्ता समितिले खानेपानी व्यवस्थापन गरी सार्वजनिक उपभोग गर्नको लागी खानेपानी

संकलन गर्ने, उत्पादनको मुख्य श्रोत दर्ता गर्नको लागी नगरपालिका समक्ष माग गर्नु पर्नेछ । माग भएपछि निम्न अनुसार ५ सदस्यीय समितिले मुल दर्ता गर्न मिल्ने वा नमिल्ने सम्बन्धमा स्थलगत अध्ययन सहित छानविन गरी दर्ता गर्न मिल्ने अवस्थामा मुल दर्ता सहितको अनुमति दिन सक्नेछ ।

देहाय बमोजिमको ५ सदस्यीय मुल दर्ता समिति हुनेछ ।

१) संयोजकः नगर प्रमुख

२) सदस्यः नगर उपप्रमुख

३) सदस्यः सम्बन्धीत वडाको वडा अध्यक्ष

४) सदस्यः वडा अध्यक्षले तोकेको सम्बन्धीत वडाको वडा सदस्य (महिला)

५) सदस्य सचिवः प्रमुख प्रशासकीय अधिकृत

५. समिति दर्ताः

१) समिति दर्ता गर्न चाहने न्युनतम सात जना वा सो भन्दा बढी व्यक्तीहरुले समिति सम्बन्धी देहाय बमोजिमको विवरण खुलाई समितिको विधान एक प्रति र तोकीएको दस्तुर सहित नगर प्रमुख समक्ष अनुसुचि–१ को ढाँचामा निवेदन दिनु पर्नेछ ।

क. समितिको नाम,

ख. उद्धेश्यहरु,

ग. समितिका सदस्यहरुको नाम, ठेगाना, पेश, नागरीकताको प्रतिलिपी तथा फोन नं.

घ. कार्यालयको ठेगाना,

ङ. समिति सञ्चालनको विधि र प्रक्रिया

२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भए पछि दफा ४ को समितिको निर्णयानुसार प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गरी समिति दर्ता गर्न उचित ठानेमा समिति दर्ता गरी प्रमाण पत्र दिनेछ ।

३) प्रमुख प्रशासकीय अधिकृतले कुनै समिति दर्ता नगर्ने निर्णय गरेमा त्यसको सुचना निवेदकलाई दिनु पर्नेछ र निवेदकले सुचना प्राप्त गरेको मितिले ३५ दिन भित्र त्यस्तो निर्णय उपर कार्यपालिका समक्ष उजुर गर्न सक्नेछ ।

४) उपदफा (३) बमोजिमको उजुरी प्राप्त भएपछि कार्यपालिकाले आवश्यक जाँचबुझ गरी त्यस्तो समिति दर्ता गर्न मनासिव ठहरीएमा सो समिति दर्ता गर्न प्रमुख प्रशासकीय अधिकृतलाई आदेश दिन सक्नेछ र त्यस्तो भएपछि प्रमुख प्रशासकीय अधिकृतले समिति दर्ता गरी दिनु पर्नेछ ।

५) यस दफा अन्तरगत दिईने प्रमाण पत्रको ढाँचा अनुसुची २ बमोजिम हुनेछ साथै नविकरण दस्तुर तोकीए बमोजिम हुनेछ।

६) दर्ता भएको मितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र नविकरण गर्नु पर्नेछ । दर्ता दस्तुर रु १००० (एक हजार मात्र), नविकरण दस्तुर वार्षिक रु ५०० (पाँच सय मात्र) तिर्नु पर्नेछ । समितिले समयमा नविकरण नगरेमा जरीवाना दस्तुर प्रति महिना रु २०० (दुई सय मात्र) थप लाग्नेछ।

**६. समिति संगठित मानिने:**

१) यस कार्यविधि अन्तरगत दर्ता भएको समिति अविच्छिन्न उत्तराधिकारीवाला, स्वशासित र संगठित समिति हुनेछ । सो समितिको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

२) समितिले व्यक्ती सरह आफ्नो नामबाट नालिस उजुरी गर्न सक्नेछ र सो उपर पनि सोहि नामबाट नालिस उजुर लाग्नेछ ।

**७. संस्थाको सम्पत्ती:**

१) समितिको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तीले समितिको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ती दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा नगरपालिकाले त्यस्तो सम्पत्ती दुरुपयोग गर्ने, कब्जा गर्ने, वा रोक्का राख्नेबाट लिई समितिलाई फिर्ता बुझाईदिने छ वा संरक्षण गर्नु पर्नेछ।

२) उपदफा (१) बमोजिमको समितिको सम्पत्ती फिर्ता गर्ने गरी नगरपालिकाले गरेको कार्वाहिमा चित्त नबुझ्ने व्यक्तीले सम्बन्धीत अदालतमा उजुरी गर्न सक्नेछ।

३) समितिको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तीले समितिको कुनै सम्पत्ती वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै अपराध वा विराम गरेमा समिति वा समितिको कुनै सदस्य उपर प्रचलित कानून बमोजिम नगरपालिकाले कार्वाहि गर्न सक्नेछ ।

**८. यस अघि दर्ता भई वा नभई स्थापना भएका समितिले दर्ता गर्नेः**

१) यो कार्यविधि प्रारम्भ हुनु भन्दा अघि तत्काल प्रचलित कानून बमोजिम दर्ता भई वा नभई स्थापना भईरहेका वा स्थापना हुने समितिहरुले यो कार्यविधि प्रारम्भ भएको ६ महिना भित्र यो कार्यविधि बमोजिम सुचिकृत गराउनु पर्नेछ । सुचिकृत दर्ता हुनको लागी गत आ.व सम्मको लेखा परीक्षण प्रतिवेदन र साधारण सभा बोलाउनु पर्नेछ ।

**९. समितिको उद्धेश्यहरुमा हेरफेरः**

१) समितिको उद्धेश्यहरुमा हेरफेर गर्नु आवश्यक देखेमा वा सो समितिलाई कुनै अर्को समितिमा गाभ्न उचित देखेमा सो समितिले तत् सम्वन्धी प्रस्ताव तयार पारी सो प्रस्ताव उपर छलफल गर्न समितिको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ ।

२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारीत

भएको मानिने छ तर सो प्रस्ताव लागु गर्न नगरपालिकाको पुर्व स्वीकृती अनिवार्य रुपमा लिनु पर्नेछ ।

**१०. समितिको वर्गीकरण:**

दर्ता अनुमति प्राप्त गरी नगरपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुको व्यवस्थापनबाट खानेपानी उपलब्ध गराउने उपभोक्ता सदस्य संख्याको आधारमा निम्न अनुसार उपभोक्ता समितिको वर्गीकरण हुनेछ ।

१) २००० जना वा सो भन्दा बढी उपभोक्ता सदस्य भएको (क वर्ग)

२) ६०१ देखी १,५०० देखी जना सम्म उपभोक्ता सदस्य भएको (ख वर्ग)

३) ६०० जना सम्म उपभोक्ता सदस्य भएको (ग वर्ग)

**११. तदर्थ समिति गठन गर्न सकिने:**

यस अघि दर्ता स्वीकृती प्राप्त गरी सञ्चालनमा रहेका र नयाँ अनुमति प्राप्त गरी स्थापना हुने उपभोक्ता समितिहरुले तोकीए बमोजिम ६ महिना भित्र साधारण सभा गरी उपभोक्ता समिति गठन प्रक्रिया पुरा नगरेमा त्यस्ता तदर्थ समिति वा अवधि पुरा भएका उपभोक्ता समितिहरुलाई विघटन गरी सञ्चालन नियमित गर्न नगर कार्यपालिकाको तर्फबाट सम्बन्धीत उपभोक्ता सदस्यहरू मध्येबाट तदर्थ समिति गठन गरी साधारण सभा समेतका आवश्यक प्रक्रिया, काम, कार्वाही गरी गराई व्यवस्थापन गर्न सकिनेछ ।

**१२. संगठन गर्न सकिने:**

दर्ता स्वीकृती प्राप्त गरी नगरपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका खानेपानि तथा सरसफाई उपभोक्ता समितिहरु मध्येबाट एक उपभोक्ता समितिलाई एक सदस्य मानी नगर स्तरीय खानेपानि तथा सरसफाई उपभोक्ता संगठन तयार/गठन गरी सो संगठनको प्रत्यक्ष निगरानी, रेखदेख, सहयोग तथा

मातहतमा अन्य सम्पुर्ण उपभोक्ता समितिहरुलाई व्यवस्थीत रुपमा सञ्चालन गरीनेछ ।

१३. हिसावको विवरण पठाउनु पर्नेः
उपभोक्ता समितिले आफ्नो समितिको हिसावको विवरण लेखा परीक्षकको प्रतिवेदन सहित प्रत्येक आर्थिक वर्षमा पठाउनु पर्नेछ ।

१४. हिसाव जाँच गर्नेः
१) प्रमुख प्रशासकीय अधिकृतले आवश्यक देखेमा समितिको हिसाव आफुले नियुक्त गरेको कुनै अधिकृतबाट हिसाव जाँच गराउन सक्नेछ ।

२) उपदफा (१) बमोजिम हिसाव जाँच गराए वाफत नगरपालिकाले हिसाव जाँचबाट देखीन आएको समितिको मौज्दात रकमको सय कडा तिन प्रतिशत नबढाई आफुले निर्धारण गरेको दस्तुर असुल उपर गरी लिन सक्नेछ ।

३) हिसाव जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजातहरु वा सोधेको प्रश्नको जवाफ दिनु समितिको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

४) हिसाव जाँच गर्ने अधिकृतले नगरपालिकाले तोकि दिएको म्याद भित्र हिसाव जाँचको प्रतिवेदन नगरपालिका समक्ष पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा समितिको कुनै सम्पत्ती सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने प्रमाणित भएमा नगरपालिकाले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी, नोक्सानी असुल उपर गर्न प्रचलित कानुन बमोजिम कार्वाही गर्न आवश्यक प्रक्रिया अगाढी बढाउन सक्नेछ ।

तर प्रचलित कानूनले सजाय समेत हुने अपराध भएको भएमा प्रचलित कानुन बमोजिम मुद्धा चलाउन सक्नेछ ।

**१५. निर्देशन दिने:**

नगरपालिकाले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालन गर्नु सम्बन्धीत समितिको कर्तव्य हुनेछ ।

**१६. दण्ड सजाय:**

१) दफा (४) बमोजिम दर्ता नगराई समिति स्थापना गरेमा वा दफा (५) बमोजिम दर्ता नगरी समिति सञ्चालन गरेमा त्यस्ता समितिका सदस्यहरुलाई नगरपालिकाले जनहि पाँच हजार रुपैया सम्म जरीवाना गर्न सक्नेछ।

२) दफा (१३) बमोजिम हिसावको विवरण नपठाएमा प्रवन्ध समितिका सदस्यहरुलाई नगरपालिकाले जनही दुई हजार पाँच सय रुपैया सम्म जरीवाना गर्न सक्नेछ ।

तर कुनै सदस्यले दफा (१३) उल्लंघन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोष प्रमाण पेश गर्न सकेमा निजलाई सजाय गरीने छैन ।

३) दफा (१४) को उपदफा (१) बमोजिम हिसाव जाँच गर्ने सम्बन्धीत अधिकृतले मागेको विवरण तथा कागज पत्र वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धीत पदाधिकारी,सदस्य वा कर्मचारीलाई नगरपालिकाले पाँच हजार रुपैया सम्म जनही जरीवाना गर्न सक्नेछ।

४) दफा (९) बमोजिम नगरपालिकाको स्वीकृति नलिई समितिको उद्धेश्यमा हेरफेर गरेमा वा अर्को समितिसंग गाभेमा वा समितिले आफ्नो उद्धेश्यको प्रतिफल हुने गरी काम कार्वाहि गरेमा वा नगरपालिकाले दिएको निर्देशन पालना नगरेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो समितिको दर्ता निलम्बन गर्न वा खारेज गर्न सक्नेछ ।

**१७. पुनरावेदन:**

उपदफा (१६) को उपदफा (४) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गरेको अन्तिम निर्णय उपर पैतिस दिन भित्र सम्बन्धीत जिल्ला अदालतमा पुरावेदन लाग्ने छ ।

**१८. समितिको विघटन वा त्यसको परिणामः**

१) समितिको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकि वा अन्य कुनै कारण वस समितिको सम्पुर्ण जायजेथा नगरपालिकामा सर्नेछ ।

२) उपदफा (१) बमोजिम विघटन भएको समितिको दायित्वको हकमा सो समितिको जायजेथाले भ्याएसम्म त्यस्तो दायित्व नगरपालिकाले व्यहोर्ने छ ।

३) उपदफा (१) बमोजिम विघटन भएको समितिको दायित्व समितिको जायजेथाले नभ्याएसम्म नपुग दायित्व समितिका पदाधिकारीको जायजेथाबाट प्रचलित कानुन अनुसार असुल उपर गरीनेछ ।

**१९. नियम बनाउने अधिकारः**

यस कार्यविधिको उद्धेश्य कार्यान्वयन गर्न नगरपालिकाले समय सापेक्ष नियम बनाउन सक्नेछ ।

**२०. विघटन तथा सञ्चालनः**

समितिले आफ्नो विधान अनुसारको तोकीएको समयावधि भित्रमा नयाँ कार्यसमिति चयन हुन नसकेमा उक्त कार्य समितिको स्वः विघटन मानी अर्को कार्य समिति चयन नभए सम्म नगरपालिकाले तोकेको तदर्थ समितिबाट समिति सञ्चालन गर्नेछ ।

**२१. खारेजी र बचाउः**

खानेपानी उपभोक्ता समिति व्यवस्थापन कार्यविधि लागु हुनु पुर्व जलस्रोत ऐन २०४९, अन्तरगत दर्ता भएका समिति यसै कार्यविधि बमोजिम दर्ता भए सरह मानिनेछ ।

अनुसुची–१

(दफा ५ को उपदफा (१) संग सम्बन्धीत)

श्रीमान् नगर प्रमुख ज्यू,

शुक्लाफाँटा नगरपालिका नगरकार्यपालिकाको कार्यालय
झलारी, कञ्चनपुर ।

महोदय,

हामीले

.................................................................................................
.................. उपभोक्ता समिति/संस्था गठन गरी दर्ता गराउन चाहेकोले खानेपानि तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापनकार्यविधि २०७७, को दफा (५) को उप दफा (१) बमोजिम उपभोक्ता समिति/संस्था दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावीत उपभोक्ता संस्थाको एकप्रति विधान र एक हजार रुपैयाँ दस्तुर दरखास्त दिएका छौं ।

विवरणः

१. उपभोक्ता संस्थाको नामः
२. कार्यक्षेत्रः
३. उद्धेश्यहरुः
   क.
   ख.
   ग.
४. सदस्यहरुको नाम ठेगाना पेशा र ना.प्र.नं.:
   क.
   ख.
   ग.
   घ.
   ङ.

च.

छ.

५. उपयोग गरीने जलस्रोतको विवरण:

क. जलस्रोतको नाम र रहेको ठाउँ:

ख. जलस्रोतबाट गरीने प्रयोग:

ग. उपभोक्ता संस्थाकाले उपयोग गर्न चाहेको जलस्रोत परिमाण:

घ. उक्त जलस्रोत हाल भैरहेको उपयोग:

६. उपभोक्ता संस्थाले पुर्‍याउन चाहेको सेवा सम्बन्धी:

क. सेवाको किसिम:

ख. सेवा पुर्‍याउने क्षेत्र:

ग. सेवाबाट लाभाम्भीत हुने उपभोक्ताहरुको संख्या:

घ. भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावना:

७. आर्थिक स्रोतको विवरण:

८. कार्यालयको ठेगाना:

निवेदक,

उपभोक्ता समितिको तर्फबाट

नाम,थर:

पद:

ठेगाना:

हस्ताक्षर:

अनुसुची—२

(दफा ५ को उपदफा (५) संग सम्वन्धीत)

## उपभोक्ता संस्था दर्ता प्रमाण पत्र

### शुक्लाफाँटा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

झलारी,कञ्चनपुर

दर्ता नम्बरः मितिः

श्री ( सम्बन्धीत उपभोक्ता संस्थाको नाम)

..................................................

खानेपानि तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि २०७७, को दफा ५ को उपदफा (२) बमोजिम ........................... साल .................... महिना .................... गतेमा यस कार्यालयमा दर्ता गरी यो दर्ता प्रमाण पत्र प्रदान गरीएको छ, खानेपानी तथा र सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि २०७७, बमोजिम आफ्नो कार्य सञ्चालन गर्नु होला ।

................... ........................

(शाखा प्रमुख) प्रमुख प्रशासकीय अधिकृत

आज्ञाले,

विशनसिंह थापा

प्रमुख प्रशासकीय अधिकृत